# पोखरा विश्वविद्यालय
## स्नातकतहको छात्रवृत्तिसम्बन्धी सूचना
(प्रकाशित मिति : २०७७/११/१३ गते विहिबार)
**विश्वविद्यालयको वेभसाइडमा**

पोखरा विश्वविद्यालयका आङ्गिक, संयुक्त आङ्गिक र सम्बन्धन प्राप्त स्कुल तथा कलेजहरूमा पोखरा विश्वविद्यालयको मिति २०७७/११/०९ गतेको निर्णय र पोखरा विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ बमोजिम निःशुल्क छात्रवृत्ति अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । विश्वविद्यालयलाई प्राप्त हुन जाने छात्रवृत्ति कोटाहरूमध्ये स्थानीय छात्रवृत्ति र शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्तिको कोटाबाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा सीमान्तकृत वर्ग (अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित, दुर्गम, दलित, जनजाति र मधेसी समुदाय) लाई सुरक्षित गरिने छ। खुला र सीमान्तकृत दुवै प्रकारका छात्रवृत्ति कोटामा महिलाहरूका लागि ५०/५० प्रतिशत छात्रवृत्ति कोटा सुरक्षित गरिने छ।

तल उल्लेख भएअनुसारको विश्वविद्यालयलाई प्राप्त हुन जाने निःशुल्क छात्रवृत्ति कोटामा सार्वजनिक, सामुदायिक तथा नेपाल सरकारको अनुदानमा सञ्चालन भएका विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेका आवेदक विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरी सकेपछि पनि कोटा समाप्त नभएमा वा कोटा रिक्त रहेमा, सार्वजनिक, सामुदायिक तथा नेपाल सरकारको अनुदानमा सञ्चालन भएका विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूलाई पो.वि.छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ बमोजिम तेस्रो चरणको Scholarship Awarded List सम्म छात्रवृत्ति वितरण गरिने छ । यसपछि पनि कोटा समाप्त नभएमा वा कोटा रिक्त रहेमा मात्र संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेका तर पो.वि.स्नातकतह छात्रवृत्तिको मेरिट लिस्टमा समावेश भएका आवेदक विद्यार्थीहरूलाई उक्त कोटाहरूमा अध्ययनका लागि आवेदन माग गरिने छ । यसरी संस्थागत वा निजी विद्यालयबाट एसईई वा एसएलसी उत्तीर्ण गरेका आवेदक विद्यार्थीहरूका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा उनीहरूको मेरिट लिस्टका आधारमा खुला छात्रवृत्तिसरह छात्रवृत्ति वितरण गरिने छ । साथै संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी पास गरेका आवेदक विद्यार्थीहरूले कुनै पनि प्रकारका सिफारिस पत्र पेस गर्नुपर्ने छैन । आवेदक विद्यार्थीहरूबाट प्रत्येक सङ्कायका लागि दरखास्त दस्तुर रु.१०००।-(अक्षरेपी एक हजार रुपियाँ मात्र) **पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालयको नाममा रहेको तपशिल बमोजिमको कामना सेवा विकास बैंक लि. को खाता नं. ०१७००३०००२४५६८०००१५** मा जम्मा गरी बैंक भौचरमा अनिवार्य रूपमा Transaction ID राखी अनलाइन दरखास्त फाराम सँगै पेस गर्नुपर्ने छ । Transaction ID बैंक भौचरमा बैंकले राखिदिने छन् । Transaction ID उल्लेख छ छैन भन्ने कुरा बैंक भौचरको प्रतिलिपि लिदा चेक गर्नुपर्नेछ ।

| | |
|---|---|
| **Account Holder's Name**: Pokhara University Central Office | **Bank**: Kamana Sewa Bikas Bank Ltd. |
| **Account Number**: 01700300024568000015 | **Branch**: Dhungepatan, Pokhara |

### १. छात्रवृत्तिको प्रकार :-

**क)** खुल्ला छात्रवृत्ति **ख)** स्थानीय छात्रवृत्ति **ग)** दलित छात्रवृत्ति **घ)** जनजाति छात्रवृत्ति **ङ)** दुर्गम छात्रवृत्ति **च)** अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित छात्रवृत्ति **छ)** शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज)** मधेसी समुदाय छात्रवृत्ति ।

### २. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम :

#### २.१ व्यवस्थापन सङ्काय अन्तर्गत

1. Bachelor of Business Administration 2.Bachelor of Business Administration in Banking and Insurance 3.Bachelor of Computer Information System 4.Bachelor of Health Care Management 5.Bachelor of Hotel Management 6.Bachelor of Business Administration in Travel and Tourism

#### २.२ विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत

**समूह (क)** 1. Bachelor of Computer Engineering 2. Bachelor of Architecture 3. Bachelor of Civil Engineering 4. Bachelor of Civil and Rural Engineering 5. Bachelor of Electronics and Communication Engineering 6. Bachelor of Software Engineering 7. Bachelor of Engineering in Information Technology 8. Bachelor of Electrical and Electronics Engineering 9. Bachelor of Civil Engineering(Diploma Holders)

**समूह (ख)** 1. Bachelor of Computer Application 2. Bachelor of Science in Environmental Management

#### २.३ मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

1.Bachelor of Development Studies 2. Bachelor of English & Communication Studies 3. Bachelor of Entrepreneurship Development

### ३. छात्रवृत्तिमा दरखास्त दिनका लागि देहाय बमोजिमका योग्यता र सर्तहरू पूरा भएको हुनुपर्ने छ :

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) सार्वजनिक, सामुदायिक, नेपाल सरकारको अनुदानमा सञ्चालन भएको, संस्थागत, निजी क्षेत्रबाट सञ्चालन भएको विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी पास गरेको हुनुपर्ने छ ।

(ग) १०+२ वा प्रमाणपत्र तह वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण भएको मितिले ३ वर्ष अवधि ननाघेका व्यक्तिले मात्र दरखास्त पेस गर्न सक्ने छन् ।

(घ) **स्नातकतहमा भर्ना पाउनका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता :**

| **सङ्काय** | **कार्यक्रम** | **न्यूनतम मापदण्ड** | |
|---|---|---|---|
| | | **१०+२ या सो सरहको तहमा अक्षराङ्कन पद्धतिअनुसार** | **१०+२ या सो सरहको तहमा अङ्क पद्धतिअनुसार** |
| व्यवस्थापन | स्नातक तहका सबै कार्यक्रमहरू | न्यूनतम सिजिपिए १.८० (प्रत्येक विषयमा न्यूनतम "D+" Grade ) हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| विज्ञान तथा प्रविधि(क) | सबै Engineering कार्यक्रमहरू | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| | **विज्ञान तथा प्रविधि(क) सँग सम्बन्धित इन्जिनियरिङ कार्यक्रम अध्ययनका लागि १०+२ वा सो सरहको तहमा बायोलोजी समूहमा अध्ययन गरेकाले पनि आवेदन दिन सक्नेछन् । तर न्यूनतम १०० नम्बरको Mathematics पढेको हुनुपर्ने छ ।** | | |
| विज्ञान तथा प्रविधि(ख) | Bachelor of Science in Environmental Management | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| | Bachelor of Computer Application | प्रत्येक विषयमा न्यूनतम "C" Grade हुनुपर्ने | न्यूनतम दोस्रो श्रेणी (४५ प्रतिशत अङ्क प्राप्त गरेको) हुनुपर्ने |
| | **BCA को हकमा विज्ञान विषयमा १०+२ वा सो सरहको तहमा एक विषय साधारण गणित वा कम्प्युटर साइन्स वा बिजनेस म्याथ लिई कम्तीमा ४५ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्ने छ ।** | | |
| मानविकी तथा सामाजिक शास्त्र | स्नातक तहका सबै कार्यक्रमहरू | न्यूनतम "D+" Grade हुनुपर्ने | तह उत्तीर्ण (पास) |
| **नोट : Practical र Theoretical परीक्षा हुने विषयका हकमा Average/Final Grade लाई आधार मानिने छ ।** | | | |

(ङ) दुर्गम क्षेत्र आरक्षण सिटका लागि दरखास्त दिने उम्मेदवारहरूले दुर्गम जिल्लाहरू (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) र उल्लेख भएका जिल्लाहरुको स्थानिय निकायहरुमा जन्मी सार्वजनिक, सामुदायिक वा नेपाल सरकारको अनुदानमा सञ्चालन भएका विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(च) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट र जनजातिका लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भए अनुसारका जातिहरू हुनुपर्ने छ ।

(छ) स्थानीय छात्रवृत्तिका लागि विश्वविद्यालयका आङ्गिक तथा संयुक्त आङ्गिक कार्यक्रमहरू (BE Civil, BE Electrical & Electronics, BE Computer, BE Civil and Rural, BE Software, B. Architecture, BBA, BBA-BI, BDEVS, BECS र BED) मा आवेदन गर्ने उम्मेदवारहरू पोखरा महानगरपालिका र उर्लाबारी नगरपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ । मेरिट लिष्टमा समावेश हुने स्थानिय छात्रवृत्तिका आवेदक विद्यार्थीहरु मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने लाई यो छात्रवृत्ति प्रदान गरिनेछ र बाँकी आवेदकहरुको हकमा मेरिटका आधारमा नियमानुसार खुला छात्रवृत्तिमा समावेश गरिनेछ

(ज) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुने छ ।

**४. उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरू :**

४.१ सार्वजनिक, सामुदायिक वा नेपाल सरकारको अनुदानमा सञ्चालन भएका विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरूले दरखास्तसाथ देहायका प्रतिलिपि कागजातहरू पेस गर्नुपर्ने छ :

(क) नागरिकताको प्रतिलिपि,

(ख) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको(Equivalency Certificate) प्रतिलिपि,

(घ) प्रमाणपत्र तह वा १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनी उपलब्ध गराएको प्रतिलिपि,

(च) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट आदिवासी/जनजाति भनी उपलब्ध गराएको प्रतिलिपि,

(छ) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित जाति भनी उपलब्ध गराएको प्रतिलिपि,

(ज) मधेसी समुदायका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेसी भनी उपलब्ध गराएको प्रतिलिपि,

(झ) वेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्ततिले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रतिलिपि,

(ञ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति कोटा अन्तर्गत छात्रवृत्ति फाराम भर्दा आवेदक विद्यार्थीले आफ्नो अभिभावक(पोखरा विश्वविद्यालयमा कार्यरत बुबा वा आमा) सँगको नाता प्रमाणित गरेको कागजातको प्रतिलिपि र अभिभावकको नियुक्ति पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ ।

४.२ संस्थागत वा निजी विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरूले दरखास्तसाथ देहायका प्रतिलिपि कागजातहरू पेस गर्नुपर्ने छ :

(क) नागरिकताको प्रतिलिपि,

(ख) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

**५.माथि भनिएका कागजातहरूका अतिरिक्त देहायबमोजिमका सिफारिस पत्र पेस गर्नुपर्ने छ :**

५.१ उम्मेदवारहरूले दरखास्तसाथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

(क) स्थानीय छात्रवृत्तिका लागि दरखास्त दिने उम्मेदवारहरूले पोखरा महानगरपालिका र उर्लाबारी नगरपालिकाको स्थायी बासिन्दा भएको सम्बन्धित महानगरपालिका, नगरपालिका कार्यालयबाट वा वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

(ख) एसईई वा एसएलसी उत्तीर्ण गरेको विद्यालय सार्वजनिक, सामुदायिक, नेपाल सरकारको अनुदानमा सञ्चालन भएको विद्यालय हो भनी सम्बन्धित गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका वा सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

(ग) दुर्गम क्षेत्र आरक्षण सिटका लागि दरखास्त दिने उम्मेदवारहरूले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

(घ) अपाङ्ग/घाइतेले इन्जिनियरिङ विषय अध्ययन गर्न दरखास्त दिने भएमा दर्तावाल चिकित्सकबाट निज सो विषय अध्ययन गर्न सक्षम छ भनी गरेको सिफारिस

६. **दरखास्त दस्तुर:** छात्रवृत्ति कार्यक्रममा भाग लिने सबै आवेदक विद्यार्थीहरूले आवेदन दस्तुर शुल्क रु.१०००।-(अक्षरेपि एक हजार रुपियाँ मात्र) बुझाउनुपर्ने छ । साथै आवेदन दिने आवेदकहरूले छात्रवृत्तिसम्बन्धी नियम, सूचना र Instruction (https://pu.edu.np मा उपलब्ध छ) हरूको राम्रो अध्ययन गरी आवेदन गर्नुपर्ने छ । अन्यथा आवेदक विद्यार्थी स्वयं जवाफदेही हुने छ । छात्रवृत्ति दस्तुरसहित बुझाएको आवेदन आवेदकको कुनै पनि कमजोरीका कारणबाट अस्वीकृत हुन गएमा रकम फिर्ता हुने छैन ।

८. अनलाइन दरखास्त फाराम भर्ने मिति : २०७७/११/१३ गते विहिबारदेखि

९.अनलाइन दरखास्त फाराम भर्ने अन्तिम मिति : २०७७/११/२८ गते शुक्रबारसम्म (कार्यालय समयभित्र)

१०.परीक्षा हुने मिति :

(क) २०७७/१२/०६ गते शुक्रबार विहान ८:०० बजे विज्ञान तथा प्रविधि संकाय समूह(ख) को मात्र ।

(ख) २०७७/१२/०६ गते शुक्रबार दिउँसो १:०० बजे विज्ञान तथा प्रविधि संकाय समूह(क) को मात्र ।

(ग) २०७७/१२/०७ गते शनिबार बिहान ८:०० बजे मानविकी तथा सामाजिक शास्त्र सङ्कायको मात्र ।

(घ) २०७७/१२/०७ गते शनिबार दिउँसो १:०० बजे व्यवस्थापन सङ्कायको मात्र ।

**११.परीक्षाको किसिम : लिखित (वस्तुगत)**

**१२.लिखित परीक्षाको समय : तीन घण्टा ।**

**१३.परीक्षा केन्द्र : पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, पोखरा-३०, ढुङ्गेपाटन, कास्की ।**

**१४.लिखित परीक्षा लिइने विषयहरू :**

विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत समूह **"क"** का लागि आवेदन दिनेहरूले (अ) भौतिक शास्त्र-४० अङ्क, (आ) रसायन शास्त्र-४० अङ्क, (इ) गणित-४० अङ्क, ( ई) अङ्ग्रेजी-३० अङ्कको परीक्षा दिनुपर्ने छ ।

व्यवस्थापन सङ्काय र विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत समूह **"ख"** का लागि आवेदन दिनेहरूले (अ) अङ्ग्रेजी-४० अङ्क (आ) क्वान्टिटेटिभ एविलिटी-४० अङ्क (इ) लजिकल रिजनिङ -४० अङ्क र (ई) जनरल अवेरनेस-३० अङ्कको परीक्षा दिनुपर्ने छ ।

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत समूह **"क"**का लागि आवेदन दिनेहरूले (अ) अङ्ग्रेजी-४० अङ्क (आ) क्वान्टिटेटिभ एविलिटी-३० अङ्क (इ) लजिकल रिजनिङ -३० अङ्क र (ई) जनरल अवेरनेस-५० अङ्कको परीक्षा दिनुपर्ने छ । समूह **"ख"** का लागि (अ) अङ्ग्रेजी-५० अङ्क (आ) लजिकल रिजनिङ -५० अङ्क र (ई) जनरल अवेरनेस-५० अङ्कको परीक्षा दिनुपर्ने छ ।

(**प्रश्नपत्रहरू १०+२ वा सो सरहको पाठ्यक्रममा आधारित हुने छन्**) ।

सम्पर्कका लागि :

पोखरा विश्वविद्यालय, केन्द्रीय कार्यालय, छात्रवृत्ति शाखा, पोखरा-३०, ढुङ्गेपाटन, कास्की । फोन : ०६१ - ५०४०९५/५०४०४६

**स्नातकतह छात्रवृत्ति छनोट समिति, २०७७**
**पोखरा विश्वविद्यालय**
**पोखरा-३०, कास्की ।**